# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४ संख्या ८ माघ १४ गते, २०७७ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको निर्देशिका सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७७ सालको निर्देशिका नं. ८

## बहुवर्षीय ठेक्का बन्दोवस्त सम्वन्धी निर्देशिका, २०७७

**प्रस्तावना :**

बहुवर्षीय आयोजनाहरुको ठेक्का ब्यवस्थापनलाई सरल, सहज र अनुमानयोग्य बनाउन, बहुवर्षीय ठेक्का बन्दोवस्तमा निश्चित मापदण्ड तर्जुमा गरी विकास आयोजनाहरुको स्रोतको सुनिश्चितता, आयोजनाको लागत तथा व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समायवधि भित्र आयोजना सम्पन्न

गर्ने सम्वन्धमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को अधिकार प्रयोग गरी मादी गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम **बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका मादी गाउँपालिका भर लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "बहुवर्षीय" आयोजना भन्नाले आयोजना सम्पन्न गर्न एक वर्ष भन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजना सम्झनु पर्दछ ।

(ख) "खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

(घ) "खरिद नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका सम्झनु पर्छ ।

मादी गाउँपालिका, कास्की

## ३. बहुवर्षीय ठेक्का बन्दोबस्तको लागि आधार तथा मापदण्ड :

(१)देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई बहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजान प्रस्ताव गर्न सक्नेछन् :

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको,

(ग) बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भएको,

(घ) आयोजना राष्ट्रिय तथा पालिकाको महत्वको आयोजनाको रुपमा रहेको,

(ङ) स्रोत सुनिश्चितता भएको,

(च) आयोजनाको दायित्व फरफारक गर्न कम्तीमा एक बर्षभन्दा बढी समय लाग्ने अवस्था रहेको,

(छ) संघ वा प्रदेश सरकारसँग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुप लगानीको रकम समेत सुनिश्चित भएको,

(८) प्रत्येक वर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको,

(९) खरिद ऐन र नियमावलीको स्थापित मूल्य मान्यता पालना भएको ।

## ४. बहुवर्षीय खरिद सम्झौता गर्न सकिने :

(१) देहायका अवस्थामा बहुवर्षीय खरिदको सम्झौता गर्नुपर्ने भएमा गाउँपालिकाले औचित्य सहित कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

(क) वार्षिक खरिद सम्झौता गरी खरिद गर्नु भन्दा बहुवर्षीय सम्झौता गरी खरिद गर्दा गाउँपालिकालाई लाभ हुने भएमा,

(ख) खरिद सम्झौताको अवधिमा खरिदको परिमाण सारभूत रुपमा थपघट नहुने भएमा,

(ग) खरिद सम्झौता अवधि भर खरिद गरिने मालसामानको डिजाइन परिर्वतन नहुने भएमा र

(घ) मालसामान आपूर्तिसँग सम्बन्धित प्राविधिक जोखिम बढी नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम बहुवर्षीय खरिद सम्झौता गर्न आवश्यक देखेमा स्वीकृतिका लागि कार्यपालिकामा पठाउनु पर्नेछ ।

## ५. क्षेत्रगत आधार समेत तयार गर्न सकिने :

आयोजनाहरु कार्यप्रकृति र विषयका आधारमा फरक फरक हुने भएकाले पालिकाले आफ्नो क्षेत्रमा सञ्चालन हुने आयोजना, कार्यक्रमहरुको क्षेत्रगत ( विशेषीकृत) मापदण्ड बनाउन सक्नेछन् । तर

त्यसलाई अन्तिम रुप दिनुअघि कार्यपालिकाबाट निर्णय गराउनु पर्नेछ ।

**६. सहमति लिनुपर्ने :**

(१) दफा ३ बमोजिम आधार तथा मापदण्ड पूरा भएका आयोजनाहरुलाई बहुवर्षीय ठेक्कामा लाने प्रयोजनका लागि गाउँ सभाको स्वीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहुवर्षीय ठेक्का सहमतिका लागि गाउँ सभामा पेश गर्दा दफा ३ मा उल्लिखित विवरणको प्रतिलिपि तथा कार्यपालिकाको निर्णयसमेत साथै राखी पेश गर्नुपर्नेछ ।

**७. सहमति दिनसक्ने :**

(१) दफा (४) बमोजिम बहुवर्षीय आयोजना ठेक्का बन्दोवस्तीका लागि कार्यपालिकाबाट सिफारिस भई आएका आयोजनाहरुलाई गाउँपालिकाको आर्थिक नीति, स्रोत साधनको अवस्था समेत बिचार गरी गाउँसभाले सहमति दिन सक्नेछ ।

(२) गाउँ सभाले गाउँपालिकाको सञ्चित कोषमा जम्मा भएको रकमलाई आधार मानी बहुवर्षीय ठेक्का स्वीकृत भएका आयोजनालाई आंशिक वा पूर्ण रुपमा बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

**८. निर्देशिका लागू हुने :**

यो निर्देशिका लागू हुनुभन्दा पहिले शूरु भएका आयोजनाहरुमा समेत यो व्यवस्था लागू हुनेछ ।

**९. विशेष व्यवस्था :**

(१) कार्यपालिकाले बहुवर्षीय आयोजना ठेक्का सहमतीका लागि कार्य प्रारम्भ गरी निर्णयका लागि गाउँसभामा सिफारिस गर्नुपर्नेछ ।

(२) गाउँपालिकाको लागि प्राप्त बजेट सिलिङ्ग मध्ये बहुवर्षीय ठेक्का स्वीकृत भएका र कार्यान्वयनमा रहेका आयोजनाका लागि बजेट व्यवस्थापन गरी बाँकी रकम नयाँ आयोजनामा प्रस्ताव गर्नुपर्ने छ ।

**१०. विविध :**

(१) यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

(२) प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म यस निर्देशिकाको व्यवस्था अमान्य हुनेछ ।

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत